# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५नं. प्रदेश

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: 3202

मिति:२०७६/११/२६

विषयः सूचना प्रकाशन गर्ने बारे।

श्री वडा कार्यालयहरु(सबै)
ति. न. पा., रुपन्देही।

प्रस्तुत विषयमा श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजागार कार्यक्रम) च.नं. ११४/२०७६/७७ मिति २०७६/११/२१ को पत्रअनुसार प्राप्त रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम बेरोजगार व्यक्तिहरुले निवेदन दिने सम्बन्धी सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरिदिनुहुन तथा आ-आफ्नो वडा भित्र सबै टोलहरुका बेरोजगार व्यक्तिहरु समक्ष सूचना पुग्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ।सूचना र अनुसूची १ बमोजिमको फारम संलग्न छ।

२०७६।११।२५

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५नं. प्रदेश


प.सं.: ०७६/०७७/प्रशासन
च.नं.:

मिति: २०७६/११/२६

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री र रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको यस नगरपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ। निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड:

१. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको।
२. निवेदन दिंदाको मितिसम्म सोहि आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको।
३. १८ देखि ५९ वर्ष उमेर समुहको।
४. पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजात:

१. तिलोत्तमा नगरपालिकाभित्र स्थायी बसोबास देखिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। (नागरिकतामा स्थायी बसोबास तिलोत्तमा नगरपालिका नदेखिएमा बसाइसराइ वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि)
२. पासपोर्ट साइजको फोटो १ प्रति।

*[पुनश्च: बेरोजगार व्यक्तिहरुले अनुसूची १ बमोजिमको निवेदनमा उल्लेखित सम्पूर्ण विवरणहरु (आफ्नो परिवारका सम्पूर्ण व्यक्तिहरुको पूर्ण विवरण र पारिवारिक आय समेत) अनिवार्य रुपमा भर्नुपर्नेछ, निवेदकले प्रमाणपत्रको प्रतिलिपि सक्कल बमोजिम नक्कल सहि छ भनि आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ]*

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| फोटो |
|---|

अनुसूची–१

(दफा १८ को उप दफा (१) संग सम्बन्धित

## बेरोजगार दर्ताका लागि दिने निवेदन

: २०७५/१२/०४ गतेको मा. मन्त्रीपरिषद्को निर्णयानुसार संशोधित)

श्री......... नं. वडा कार्यालय,

......................... गाउँपालिका/नगरपालिका, जिल्ला.......................... मितिः..........................

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहद्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. नाम, थर :..............................................................

२. लिङ्ग : क) पुरुष ख) महिला ग) अन्य

३. पारिवारिक विवरण :

(अ) वर्ग/समूहः (तपाई आफूलाई कुन वर्ग/समूहमा राख्न रुचाउनुहुन्छ ? छान्नुहोस्)

| (क) आदिबासी जनजाती | (ख) दलित | (ग) बैश्य | (घ) मुसलमान | (ङ) ब्राह्मण | (च) क्षेत्री | (छ) मधेशी | (ज) अन्य ...... |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(आ) अल्पसंख्यक समूदायः हो / होईन

(इ) लोपोन्मुख जनजाती : हो / होईन

(ई) सीमान्तकृत वर्ग : हो / होईन (यदी हो भने, अतिसीमान्कृत वर्ग : हो / होईन)

(उ) परिवारको संख्या : जम्माः .................... महिलाः.................. पुरुषः...............

१८–५९ उमेर समूहको सदस्य संख्याः...........................

(ऊ) परिवारमा अपाङ्गता भएका सदस्यः छ / छैन (यदी छ भने उल्लेख गर्नुहोस्)

१. नामः............................................ उमेरः............. अशक्तताको प्रकृतिः पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

२. नामः............................................ उमेरः............. अशक्तताको प्रकृतिः पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

(ऐ) आवेदक गर्भवती वा सुत्केरी भएकी महिला भएमा उल्लेख गर्ने

गर्भवती ................ (महिना) वा सुत्केरी भएमा ................. (महिना)

४. स्थायी ठेगानाः प्रदेश............ जिल्ला........................ न.पा./गा.पा. ............................. वडा नं. .............

५. अस्थायी ठेगानाः प्रदेश............ जिल्ला........................ न.पा./गा.पा. ............................. वडा नं. .............

६. सम्पर्क विवरण (उपलब्ध भएसम्म) फोन/मोबाईल नं.: ........................................... ईमेल ..........................

७. प्राथमिकताक्रम निर्धारण प्रयोजनका लागि आवश्यक थप विवरणः

| | | |
|---|---|---|
| क) कृषि उत्पादनले वर्षमा ३ महिना सम्म खान (कृषिमा आश्रित परिवारको सदस्य भएमा) | पुग्छ | पुग्दैन |
| ख) बसोवासका लागि आफ्नै घर | भएको | नभएको |
| ग) घरमूली एकल महिला | हो | होईन |
| घ) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य | हो | होईन |
| ङ) परिवारमा काम गर्ने उमेर (१८–५९) समूहको र काम गर्न सक्ने शारीरिक अवस्था भएको परिवारको सदस्य | छ | छैन |

८. आवेदकको कामको अनुभव सम्बन्धी विवरण

| कार्यक्षेत्र | पद | काम गरेको अवधि | | संस्था (यदि भएमा) |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |
| | | | | |

९. परिवारका सदस्य र रोजगारीको अवस्था (निवेदक सहित)

| नाम | निवेदक सँगको नाता | नागरिकता/रा.प.प. सम्बन्धी विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर, साक्षर, आधारभूत, एस.एल.सी., उच्च मा.वि., स्नातक वा सो भन्दा बढी) | हाँसिल गरेको सीप | | रोजगारीको अवस्था, (स्वदेश/विदेश/ स्वरोजगार/ बेरोजगार) | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट नियमित रुपमा कुनै सहयता लिईरहेको/नरहेको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ना.प्र.नं./ रा.प.प.नं. | जारी मिति | जारी जिल्ला | | | सीपको विवरण | (दक्ष, अर्धदक्ष, अदक्ष) | | |
| | (निवेदक) | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

१०. वार्षिक पारिवारिक आय : रु. ........................ (अक्षरेपी) ..........................................................)

११. काम गर्न चाहेको क्षेत्र (एक भन्दा बढी क्षेत्रहरु छनौट गर्न सकिने) :

| कृषि, सहकारी तथा पशु विकास | उर्जा, सिंचाई तथा नदी नियन्त्रण | खानेपानी तथा सरसफाई | वन तथा वातावरण | पर्यटन प्रवर्द्धन | सडक यातायात | शिक्षा, युवा तथा खेलकुद | पुनः निर्माण | सामूदायिक पूर्वाधार निर्माण | ठूला तथा राष्ट्रिय गौरवका आयोजना | सूचना तथा संचार प्रविधि | उद्योग | स्वास्थ्य | अन्य .............. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

१२. काममा खटिन चाहेको सम्भावित समयः ......................... देखि ....................... सम्म

१३. बैंक खाताको विवरण (उपलब्ध भएमा): बैंकको नामः.......................................................... ठेगाना :....................

खाता नम्बरः .......................................... खाताको प्रकार :....................

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला भनी सहिछाप गर्ने:

निवेदकको सही :-

मिति :..............................

नेपाल सरकार

**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

visit Nepal 2020

प.स. ७६।७७

च.न. ११४

विषयः- सूचना ।

मितिः २०७६।११।२१

श्री स्थानीय तह (सबै)

(मार्फत संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम बेरोजगार व्यक्तिहरुले निवेदन दिने सम्बन्धी देहाय बमोजिमको सूचना आवश्यक कार्यर्थ पठाएको व्यहोरा मिति २०७६।११।१९ को निर्णयानुसार अनुरोध छ :-

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७।७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.npबाट प्राप्त गर्न सकिने छ ।

डा. लोकनाथ भुसाल

उपसचिव

सिंहदरवार, काठमाण्डौ, नेपाल फोन नं. ०१-४२००४७७ फ्याक्स नं. ०१-४२११८७७ Email :info.pmep.np@gmail.com Website: pmep.gov.np

" नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"